## मिति २०७८।०९।१३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १ :** यस नेपालगंज उप-महानगरपालिकाको दशौं नगरसभा मिति २०७८।१०।०२ गते आइतवार दिनको ११:०० बजे भेरी प्राविधिक शिक्षालय नेपालगंजको सभाहलमा हुने तथा वडा कार्यालयहरु तथा सम्बन्धित शाखा महाशाखाहरुबाट रकमान्तर तथा कार्यक्रम शंशोधन गर्नुपर्ने विषय भएमा यही पौष २० गतेभित्र अनिवार्यरुपमा योजना तथा बजेट महाशाखामा पेश गरिसक्ने र योजना तथा बजेट महाशाखाले आर्थिक प्रशासन महाशाखा तथा प्राबिधिक महाशाखासंगको समन्वयमा नगरसभामा लैजाने प्रस्ताव तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** अन्तराल नेपालले पर्यटन, खेलकुद, कला संस्कृति,प्रकृति बन्यजन्तु संरक्षण र फोटो पत्रकारिता विकासमा टेवा पूर्याउने उद्देश्यले यही फागुन १८ र १९ गते संचालन गर्ने दोस्रो नेपालगंज फोटो फेस्टिवल आयोजनाको लागि रु.२५,०००।-(पच्चिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :** यस उप-महानगरपालिका परिसरको आएलसी हलको उत्तर तर्फ खाली उपयूक्त स्थानमा रु. ५,००,०००।- (पांच लाख) सम्मको लागतमा नबढ्ने गरी शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** यस उप-महानगरपालिकाको यस आ.व ०७८।०७९ को स्वीकृत प्रवर्द्धनात्मक कार्यक्रम अर्न्तगत अपांगता भएका व्यक्तीहरुको मागमा आधारित कार्यक्रम अनुसार माग, आवश्यकता र औचित्यता हेरी अपांगता समन्वय समितिको मिति २०७८।०८।१४ को बैठकको निर्णयलाई समेत मध्येनजर गरी आर्थिक अवस्था कमजोर भएका र आर्थिक अभावका कारण समस्यामा परेका अपागंता भएका व्यक्तीहरुलाई आकस्मिक सेवा तथा सेवाप्रवाह गर्न कार्यविधि निर्माण गरि उपरोक्त शिर्षकमा विनियोजित रु.५,००,०००।- (पांच लाख) सम्मका बजेट "अपांगता अधिकार प्रवर्द्धन कोष" स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ :** यस उपमहानगरपालिकाले संचालन गर्ने मंगल प्रसाद महिला कलेजमा B.Sc. CSIT, BBS, B.Ed. विषयमा कक्षा संचालनको लागि मध्य पश्चिम विश्व विद्यालय विरेन्द्रनगर, सुर्खेतबाट सम्बन्धन प्राप्त गर्नको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ :-** नेपालगंज उप-महानगरपालिकाको वडा नं २० मा रहेको सरकारी जग्गामा Holding Center संचालनको लागि करिब १ लाख ६० हजार बराबरको माटो पटान गर्न आवश्यक रहेकोले माटो पटान गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ :-** नेपालगंज उप-महानगरपालिका वडा नं. ७ बाट प्राप्त समस्या समाधान सम्बन्धमा श्री रेनु नेपाली, सरिता सोनी लगायत ५ जनाको निवेदनको विषयमा कानुनी सल्लाहाकारको राय लिएर अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. ८ :-** नेपालगंज उप-महानगरपालिकामा नेवा: देय दबु बाँके द्धारा मिति २०७८।०९।०५ मा पेश भएको पत्रअनुसार आर्थीक सहयोग माग सम्बन्धमा रु ५०,०००।- (अक्षेरुपी पचास हजार) नेवा: देय दबु बाँके अधिवेशन संचलनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

## मिति २०७८।०९।१३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. ९ :-** यस नेपालगंज उप-महानगरपालिका र राप्ती गणेश कन्स्ट्रक्सनसंग सम्झौता भएको ठेक्का नं. NSMC/NCB/W01/2077/78 को Sadarline to Stadium Road Ward No 13को लागी चालु आ.ब. मा रु १३,१७,०९३।९४ बिनियोजन भएको र उक्त ठेक्काको निर्माण कार्य सम्पन्न भइ रु ७,४६,०७१।१२ रकम बचत रहेको र उक्त काय अन्तरगतBOQ कोSN 3PS itemअन्तरगत रहेको Shifting of electric pole and other miscellaneous work को लागी ७५००० छुट्याईएको र नेपाल बिधुत्त प्राधिकरण, नेपालगंज बितरण शाखा बाट लई रु १,४९,५००।७२ तयारी भई निर्माण ब्यवसायी राप्ती गणेश कन्स्ट्रक्सनले धरौटी रकम रु. १,५०,०००।०० जम्मा गरी कार्य अगाडी बढाइएको र उक्त बिधुत्तको पोल सार्ने कार्यको लागी रु. १,३३,५३३।९५ मूल्याङ्कन भई सम्पन्न भएको हुँदा बचत रकम बाट राप्ती गणेश कन्स्ट्रक्सन लाई भुक्तानी दिन बाँकी रकम रु ५८,५३३।९५ भुक्तानी गर्ने र अन्य बचत रकम सोही बाटोसंग जोडिएको बाटो निर्माण र अन्य सोही बाटासंग जोडिएको नाला मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय न. १० :-** यस नेपालगंज उप-महानगरपालिकाका स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत फुटपाथमा बजार निर्माणका लागी रु.५०,००,०००।०० बजेट बिनियोजन भएको र नेपालगंज उपमहानगरपालिकाको वडा नं. १२ स्थित BTS Road Side Market संचालनमा ल्याउनका लागी आवश्यकता अनुसार नाला माथी फुटपाथ लाई असर नगर्ने गरी सटरहरु निर्माण गर्न रकम रु २५,००,००० फुटपाथमा बजार निर्माणका लागी बिनियोजन भएको रु ५०,००,०००।०० बाट ब्यहोंने र बांकी रकम रु.२५,००,०००।०० बागेश्वरीमा सटर तथा बाटो निर्माण गर्नका लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-** नेपालगन्ज उप–महानगरपालिकाको मिति २०७८/०८/२७ गतेको नगरकार्यपालिकाको निर्णयानुसार नेपालगन्ज उप–महानगरपालिकाको स्वामित्वमा रहेका सटर/संरचनाहरुको भाडादर वृद्धि गर्ने र सो भाडादर मिति २०७८ पौष १ गतेदेखि लागु गर्ने भन्ने निर्णय भएकोमा सो निर्णयमा भाडा बुझाउने समय कम भएको कारणले मर्का पर्ने भनि अनुरोध गरेकोमा उक्त भाडादर लागु हुने मिति २०७८ माघ १ गतेदेखि लागु गर्ने र उप–महानगरपालिकाले ठेक्का/भाडामा दिएको संरुचनाहरुको भाडा प्रत्येक महिनाको १ गते बुझाउनु पर्ने अन्यथा प्रतिदिनको रु.१००।–का दरले जरिवाना लाग्ने भन्ने प्रावधानहरुमा ७ गतेभित्र भाडा बुझाएमा जरिवाना नलिने साथै प्रत्येक सटरहरुको भाडा सम्झौता ५ वर्षको गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** नेपालगन्ज उप–महानगरपालिकाको मिति २०७८/०८/२७ गतेको नगरकार्यपालिकाको निर्णयानुसार नेपालगन्ज उप–महानगरपालिकाको स्वामित्वमा रहेको सल्यानी बंगलाको सटर तथा गोदामहरुको भाडादर वृद्धि गरि रु.५,०००।–कायम गरेकोमा भाडावालाहरुले उक्त भाडादर बढि भएको भनि निवेदन पेश गरेकोले सो भाडादर ३,०००।–कायम गर्न गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रमा मापदण्ड नपुगेर व्यवसायकर तथा बहालकर बुझाउन नसकेका संरचना तथा ब्यवसायीहरुलाई करको दायराभित्र ल्याउनको लागि सशर्त सम्झौता गरि निजहरुलाई करको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.१४** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण उद्योग,पेशा तथा ब्यवसायहरुलाई करको दायरामा ल्याउन पहल गर्नको लागि सरोकारवाला निकायहरुसँग सहकार्य गरि कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

## मिति २०७८।०९।१३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१५** नेपालगन्ज उप–महानगरपालिका वडा नं.१२ बस्ने राम कुमार पासीले नेपालगन्ज उप–महानगरपालिकाको ल्याण्डफिल्ड साईडमा रहेको कवाडी सामान उपलब्ध गराई पाउँ भनि निवेदन पेश गरेकोले निजलाई तपसिलका सामानहरु तपसिल बमोजिमको दररेटमा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | सामानको नाम | दर | कैफियत |
|---|---|---|---|
| १. | कार्टुन(गत्ता) | रु.१२(प्रति के.जि.) | |
| २. | प्लाष्टिकको बोतल | रु.२०(प्रति के.जि.) | |
| ३. | सि.सि.को वोतल | रु.२(प्रति के.जि.) | |

**निर्णय नं.१६** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रको जिल्ला प्रशासन कार्यालय,नापि कार्यालय जाने बाटो भेरी अस्पताल तथा हुलाक कार्यालय जाने बाटो लगायत क्षेत्रमा रोशन राज भट्टराईले र यातायात व्यवस्थापन कार्यालय अगाडीको क्षेत्रमा सवारी साधन पार्किङको ठेक्का अरुण लामाले ३ महिनाको लागि लिएकोमा निजहरुको ठेक्का अवधि समाप्त भएकोले उक्त ठेक्का अरुण लामाले नै निरन्तरता दिनको लागि म्याद थप गरिपाउँ भनि निवेदन दिएकोले निजलाई नै उक्त दुवै क्षेत्रको पार्किङ व्यवस्थापनको ठेक्का मिति २०७९ असार मसान्त सम्मको लागि मासिक रु.२०,०००।–(अक्षेरुपी बीस हजार मात्र।) मा दिने निर्णय गरियो ।

**निर्णय नं.१७** नेपालगन्ज उप–महानगरपालिकाको घ वर्गको निर्माण व्यवसायीको इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७५ बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतको लागि पेश हुन आएको तपसिलको फर्मलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

क) डि.एस.कन्सट्रक्सन,ने.ग.१,बाँके ।

**निर्णय नं. १८** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.४ बसपार्क स्थित सटरहरु मध्ये सटर नं. ४२ कार्यालय स्थापनाको लागि यातायात मजदुर संघले माग गरेकोले उक्त सटरको निजहरुले मासिक रु.७,०००।– उप–महानगरपालिकालाई बुझाउने गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. ४ सल्यानी बंगलाको खाली रहेको १ नं.को सटरको मासिक रु.३,०००।–न्यूनतम कवोल अंक रहने गरि भाडाको सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्णय नं. २०:** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका ई–रिक्सा दर्ता गर्दा निजहरुको पुरानो गा.बि.स. वा पालिका तथा अन्य संस्थाको दर्ता भएको हकमा दर्ता जति अवधिको भए पनि रु.१,०००।–दस्तुर लिई दर्ता गरिदिने निर्णय गरियो ।

## मिति २०७८।०९।१३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२१:** नेपालगन्ज उप–महानगरपालिकाले अभियानकोरुपमा संचालन गरेको साक्षरता कार्यक्रम अनुगमनको लागि प्रत्येक वडाबाट एक जना प्राथमीक तहको प्राधानाध्यापक लाई छनौट गरी काममा लागउने तथा अनुगमन गरे वापत प्रति दिन १०० रुपैया खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २२:** संघीय सरकारबाट नेपालगन्ज उप-महानगरपालिकाका लागि चालू आ.व. २०७८।०७९ मा स्वीकृत विशेष अनुदान तर्फ मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन कार्यक्रममा प्राप्त रकमका सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७८।०७।९ गतेको निर्णय अनुसार निर्धारित क्रियाकलाप तर्फ उल्लेखित समूहकै व्यक्तिहरुलाई नयाँ उद्यम सञ्चालनका लागि सहुलियत ऋण उपलब्ध गराउने गरी रु.६०,००,०००।- (साठी लाख मात्र) बाँडफाँड भैसकेको छ । साथै नेपालगञ्ज उपमहानगर पालिकाद्धारा लक्षित समूहकै छात्राहरुलाई विशेष प्राथमिकता दिई अध्ययन गराउने उद्धेश्यले मंगल प्रसाद छात्रा कलेज स्थापना गरी सम्बन्धित विश्वविद्यालयबाट सम्बन्ध नपाई कम्प्यूटर विषय लगायत अन्य विभिन्न विषयमा नयाँ कक्षाहर सञ्चालनको तयारीमा रहेको र हाल उक्त समूहका छात्राहरुलाई कम्प्यूटर तालिमको माग र आवश्यक्ता निकै महशुस भएकोले सो रकम मध्ये रु २००००००।- (बीस लाख) कम्प्यूटर, प्रिन्टर, फर्निचर खरिद तथा तालिम सञ्चालनका लागि विनियोजन गर्ने, साथै विनियोजन भएको रकमबाट यस कार्यालयबाट सामाग्रीहरु खरिद गरि कलेजमा जडान गर्न लगाउने र तालिम सञ्चालन गर्न लाग्ने बजेटको लागत अनुमान कलेजबाट माग गरि विनियोजन गरिएको रु.२०,००,०००।-(विस लाख मात्र)बाटै मंगल प्रसाद छात्रा कलेज नेपालगञ्जलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २३:** नेपालगञ्ज उप-महानगरपालिकाको **"टोल स्तरीय संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७८"** स्वीकृतिका लागि आजको कार्यपालिका बैठकमा पेश भए बमोजिम संसोधन सहित स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:** संघीय सरकारबाट नेपालगञ्ज उप-महानगरपालिकाका लागि चालू आ.व. २०७८।०७९ मा स्वीकृत विशेष अनुदान तर्फ मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन कार्यक्रममा प्राप्त रकमका सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७८।०७।९ गतेको निर्णय अनुसार निर्धारित क्रियाकलाप तर्फ उल्लेखित समूहकै व्यक्तिहरुलाई उद्यमसिलता सम्बन्धी सिपमुलक तालीमहरु प्रदान गर्नेगरि विनियोजीत रकम रु ५ लाख मध्येबाट मेकअप तालिम संचालन गर्न श्री आर्टिस्टिक द मेकअप स्टुडियो एण्ड एकेडेमी नेपालगंजलाई रु २ लाख पचासहजार र हाते कढाई तथा बुटीक तालीम संचालन गर्न श्री नेपाल घरेलु तथा साना उद्योग महासघं नेपालगंज उपमहानगरपालिका समिति बाँकेलाई रु दुई लाख पाचास हजार बजेट परिधि भित्र रही तालिम संचालनका लागि सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:** नेपालगञ्ज उप-महानगरपालिका, वां.नं. ४ (हाल वडा नं. ३, विष्कोरियन टोल नं. १७३।३ को जग्गाको हकभोग र बहाल पाउने सम्बन्धमा निवेदक घनश्याम बनिया समेतकोदाबीका सम्बन्धमा निजहरुसंग उपमहानगरपालिकाको कानुन शाखाबाट हालसम्मको भाडा निजहरुले दाबी नगर्ने गरी कागज गराई सम्मानित अदालतको फैसला अनुसार हकभोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. २६:** नेपालगञ्ज उप-महानगरपालिका वार्षिक नगर बिकास योजना पुस्तिकामा मेयर कप फुटवल हुनुपर्नेमा फुटसल भएको र नेपालगंज गोल्डकप हुनुपर्नेमा Print Mistake भई अन्यथा भएकोमा सच्याउने निर्णय गरियो ।